# तेलहन तथा उखु बालीमा फ्रन्टलाइन प्रदर्शन
# कार्यक्रम संचालन कार्यविधि, २०७१

(नेपाल सरकार सचिवस्तर मिति २०७१/०७/१६ बाट स्वीकृत)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कार्तिक, २०७१

# तेलहन तथा उखु बालीमा फ्रन्टलाइन प्रदर्शन कार्यक्रम संचालन कार्यविधि, २०७१

## पृष्ठभूमि

नेपालमा लगाइने गरिएका तेलहन बालीहरु जस्तै तोरी, सर्स्यौं, बदाम, सूर्यमुखी, भुसेतील, रायो लगायतका अन्य तेल निकाल्न सकिने बालीहरुको जातीय विविधता र स्थान विशेष कारणले उत्पादन र उत्पादकत्वमा पनि विविधता आइरहेको छ । यस सन्दर्भमा उपर्युक्त बालीहरुको क्षेत्रफल उत्पादन एवं उत्पादकत्व बढाउन एकातिर उन्मोचित/सिफारिस जातहरु पर्याप्त मात्रामा छैनन् भने अर्कोतिर उपलव्ध जातहरुको मूल बीउ पनि पर्याप्त मात्रामा उपलव्ध हुन सकिरहेको छैन । त्यस्तै नेपालको प्रमुख औद्योगिक बालीको रुपमा स्थापित भएको उखुवालीमा पनि सिफारिस/उन्मोचित जातहरु नगण्य रुपमा रहेका छन् र ती भएका जातहरु पनि विभिन्न कारणहरुले गर्दा कृषकहरु बिच स्थापित हुन सकिरहेका छैनन् । तसर्थ, कृषकहरुबीच स्थापित रैथाने जातहरु तथा अनुसन्धानबाट सिफारिश/उन्मोचित नयाँ जातहरुको गुणस्तरीय बीउको उत्पादन प्रबर्द्धन गर्न आवश्यक देखिएको छ । त्यसैगरी, रजिष्टर्ड/उन्मोचन/सिफारिस भई नसकेका तर स्थानीय कृषकहरु वीच लोकप्रिय एवं स्थापित भएका उन्नत/स्थानीय जातहरुलाई राष्ट्रिय बीउ बिजन समितिमार्फत दर्ता प्रक्रियामा लैजानको लागि बीउ बिजन ऐन, २०४५ र बीउ बिजन नियमावली, २०६९ बमोजिम आवश्यक परीक्षण तथ्याङ्क एवं सूचना संकलन गर्न समेत आवश्यक देखिएको हुँदा तेलहन तथा उखु बालीमा फ्रन्टलाईन प्रदर्शन कार्यक्रम नेपाल सरकारबाट स्वीकृत भएको छ । यस कार्यक्रम संचालनबाट उखु तथा तेलहन बालीका स्थानिय/उन्नत जातहरुको गुणस्तरीय बीउ स्थानिय स्तरमै खायन मूल्यमा उपलव्ध हुने तथा आवश्यक खेती प्रविधि समेत कृषकहरु समक्ष विस्तार हुने अपेक्षा गरिएको छ । उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "तेलहन तथा उखुवालीमा फ्रन्टलाइन प्रदर्शन कार्यक्रम संचालन कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "निर्देशनालय" भन्नाले बाली विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

(ख) "तेलहनबाली" भन्नाले खान योग्य तेल उत्पादन गर्न सकिने तोरी, सर्स्यूं, वदाम, भुसेतिल, सूर्यमुखी आदि बालीहरुलाई संझनु पर्दछ ।

(ग) "सेवा केन्द्र" भन्नाले कृषि सेवा केन्द्रलाई संझनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले आयोजना लागू भएका सम्बन्धित जिल्ला कृषि विकास कार्यालय भन्ने संझनु पर्दछ ।

(ङ) "कार्यक्रम" भन्नाले तेलहन तथा उखुबालीमा फ्रन्टलाइन प्रदर्शन कार्यक्रम भन्ने संझनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उद्देश्य :** यो कार्यक्रम देहायका उद्देश्य प्राप्तिका लागि संचालन गरिनेछ :-

(क) उन्मोचित/सिफारिस भइ कृषकहरुले रुचाएका तेलहन तथा उखु वालीका नयाँ जातहरुको बीउ एवं खेती प्रविधिको उलब्धतामा बृद्धि गर्ने ।

(ख) कृषकहरुले रुचाएका उन्मोचन/सिफारिसोन्मुख तेलहन तथा उखु वालीका जातहरुको बीउ एवं खेती प्रविधिको उपलब्धतामा बृद्धि गर्ने ।

(ग) रजिष्टर्ड/उन्मोचन/सिफारिस भई नसकेका तर स्थानीय कृषकहरु वीच लोकप्रिय एवं स्थापित भएका उन्नत/स्थानीय जातहरुलाई राष्ट्रिय बीउ बिजन समितिमार्फत जात दर्ता प्रक्रियाका लागि आवश्यक परिक्षण तथ्यांक तथा सूचना संकलन गर्ने ।

(घ) सुलभ मूल्यमा खण्ड (क) देखि (ग) मा उल्लेख भए बमोजिमका जातहरुको वीउ स्थानीय स्तरमा उपलव्ध गराउन ।

## परिच्छेद -२

## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनका लागि प्रस्तावित क्षेत्र**: आ.ब. २०७१/७२ मा अभियानमुखी तेलहन बाली उत्पादन  आयोजना एवं उखुवाली विस्तार तथा प्रवर्द्धन आयोजना संचालन भएका अनुसूची १ बमोजिमका जिल्लाहरुलाई प्राथमिकता दिईने छ र आगामी आ.ब.मा प्राविधिक उपयुक्तता र संभाव्यताका आधारमा अन्य जिल्लाहरुमा पनि विस्तार गर्न सकिने छ ।

**५.कार्यक्रम संचालन गर्ने विधि :** यस कार्यक्रम संचालन गर्ने विधि देहाय बमोजिम हुनेछः-

(१) स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही जिल्ला र कार्यक्रमको लक्ष्य तोकि कृषक/कृषक समूह/सहकारी संस्था सिफारिस गरी पठाउन प्रस्तावित कार्यालयहरुलाई राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम, हरिहरभवनबाट पत्राचार गरिनेछ । तोकिएको समयावधि भित्र कार्यालयहरुले कृषक/कृषक समूह/सहकारी संस्था र प्रदर्शन स्थल छनौट गरी राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रममा आवश्यक विवरण सहित सिफारिस पठाउनु पर्नेछ ।

(२) कार्यालयहरुले स्थानको छनौट गर्दा सम्बन्धित कार्यालय अन्तर्गतको सेवा केन्द्रहरुले स्थानिय कृषकहरुको भेला/समूह वा सहकारीको बैठकबाट गराउनु पर्नेछ । यसको साथै, कार्यक्रम स्थल सकभर सजिलै संग निरीक्षण गर्न/गराउन सकिने हिसाबमा सडक/बाटोको छेउछाउमा हुनु पर्दछ, साथै गाईवस्तु वा अन्य किसिमले नोक्सानी नपुऱ्याउने किसिमको हुनुपर्दछ ।

(३) कार्यक्रम संचालनको लागि प्राकृतिक प्रकोप वा अन्य कुनै कारणले उत्पादन नष्ट वा कम भए पनि क्षतिको वहन गर्न सक्ने र उत्पादित बीउ अर्को सिजनसम्म संरक्षण गरी खायन मूल्यमा छिमेकी कृषकहरुलाई उपलव्ध गराउन सक्ने खालका अगुवा कृषक/कृषक समूह/सहकारी संस्था छनौट गर्नु पर्दछ ।

(४) कार्यक्रम संचालनको लागि प्लटको क्षेत्रफल कम्तीमा १० रोपनी वा १५ कठ्ठा हुनुपर्दछ तर प्लटको क्षेत्रफल २० रोपनी वा ३० कठ्ठा भन्दा बढी हुनेछैन । उक्त प्लट कुनै एक कृषकको वा सो भन्दा बढी कृषकको समेत हुन सक्दछ ।

(५) सम्बन्धित कार्यालयहरुबाट कृषक/कृषक समूह/सहकारी संस्था र प्रदर्शन स्थल छनौट गरी सिफारिस भएको आधारमा राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमले सम्बन्धित कार्यालयहरुलाई बजेट उपलब्ध गराउनेछ । तत्पश्चात् कार्यालयहरुले अनुसूची २ अनुसारको संझौता गरी कार्यक्रम संचालन गर्नेछन् ।

(६) श्रम शक्ति र जग्गा भाडा बाहेक राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमले स्वीकृत गरेको प्राविधिक मापदण्डका आधारमा गुणस्तरीय बीउ, आवश्यक मलखाद, विषादी, सामाग्रीहरु, बीउ प्रसारण एंव भण्डारका लागि आवश्यक अन्य सामाग्रीहरु कृषकहरुलाई उपलब्ध गराउने छ ।

(७) प्रदर्शन प्लटमा प्रदर्शनको नाम, सहयोगी निकायको नाम, कृषक/समूह/सहकारीको नाम, बाली, जात, क्षेत्रफल, मलखादका मात्रा, कार्य आरम्भ गरेको मिति खुल्ने विवरण सहितको बोर्ड राख्नुपर्नेछ ।

६.**कार्यक्रम संचालनको आर्थिक पक्ष :** यस कार्यक्रम संचालनको लागि देहाय बमोजिम खर्च गरिनेछ ।

(१) सम्बन्धित कार्यालयहरुका प्राविधिकबाट विनियोजित बजेटको सिमामा रही दफा ५ (६) मा उल्लेख भएको प्राविधिक मापदण्ड अनुसार स्थानिय दररेटका आधारमा खर्च अनुमान तयार हुनेछ र उक्त खर्च अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

(२) कार्यक्रम संचालनको लागि पूर्व तयारी भेला एंव कार्यक्रम संचालन पश्चात बढीमा तीन पटकको अवलोकन भेलाको लागि खाजा तथा व्यवस्थापन खर्च स्वरुप प्रति भेला बढीमा रु. १०००/- सम्म खर्च गर्न सकिनेछ ।

७. **बजेट सम्बन्धी व्यवस्था:** यस कार्यक्रमको संचालनको लागि आवश्यक बजेट नेपाल सरकारको वार्षिक स्वीकृत कार्यक्रमममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## कार्यक्रम अनुगमन तथा मूल्याङ्कन व्यवस्था

८. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन व्यवस्था:** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम संचालन हुने जिल्ला कृषि विकास कार्यालयको कार्यालय प्रमुखले उक्त कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न एकजना बाली विकास कार्यक्रम हेर्ने अधिकृत वा सो नभएमा एकजना प्राविधिकलाई जिम्मेवारी दिई संचालन गरिनेछ ।

(ख) कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न र आईपरेका तत्कालिन समस्या समाधान गर्न नियमित अनुगमन मूल्याङ्कनको व्यवस्था मिलाइनेछ । यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित कृषि सेवा केन्द्र, जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम, निर्देशनालय, कृषि विभाग तथा कृषि विकास मन्त्रालयवाट आवश्यकतानुसार हुनेछ ।

(ग) कार्यक्रम संचालन भएको स्थानको कृषक/समूह/सहकरीको नाम, ठेगाना, पूर्व तयारी एवं मुख्य खेतीको समयमा गरिने अवलोकन भेलामा उपस्थित भएका सहभागिहरुको नामावली, प्राविधिक पक्ष (त्यस स्थानको मौसम, माटोको अवस्था, प्रयोग गरिएको प्राँगारिक/रासायनिक मलको नाम, मात्रा, मुख्य मुख्य वालीको अवस्था, रोग, कीरा, झारपातको अवस्था, अपनाएका व्यवस्थापन

कार्यहरु, उत्पादन लगायत उन्नत/स्थानीय जातहरुलाई राष्ट्रिय बीउ बिजन समितिमार्फत दर्ता प्रक्रियामा लैजानको लागि बीउ बिजन ऐन २०४५ र बीउ बिजन नियमावली २०६९ बमोजिमको आवस्यक परिक्षण तथ्याङ्क एवं सूचनाको विवरण सहितको प्रतिवेदन कार्यक्रम संचालन गरिएको कृषक/समूह सहकारीको सहयोगमा कार्यक्रम संचालन गर्न जिम्मेवारी पाएको प्राविधिकले तयार गरी सम्बन्धित कार्यालयमा र कार्यालयले राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रममा पठाउनु पर्नेछ ।

## परिच्छेद -४

## विविध

९. **वाधा अडकाउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा केही वाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा सो को समाधान कृषि विभागले गर्नेछ ।

१०. **कार्यविधिमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा आर्थिक विषय बाहेकका विषयहरुमा आवश्यकतानुसार कृषि विकास मन्त्रालयले हेरफेर गर्न सक्नेछ । आर्थिक विषयमा अर्थ मन्त्रालयको सहमति लिई परिमार्जन गर्न सकिनेछ ।

## अनुसूची -१

### (दफा ४ संग सम्बन्धित)

### (क) अभियानमुखी तेलहन बाली उत्पादन आयोजना लागू भएका जिल्लाहरु

१) सर्लाही
२) मकवानपुर
३) चितवन
४) ललितपुर
५) लमजुङ्ग
६) नवलपरासी
७)मोरङ्ग
८) सिन्धुली
९)गोरखा
१०) पर्वत
११) डोटी
१२) कञ्चनपुर
१३) कपिलवस्तु
१४) प्युठान
१५) दाङ्ग
१६) सुर्खेत
१७) बाँके
१८) बर्दिया
१९) उदयपुर
२०) रुपन्देही
२१) गुल्मी
२२) कैलाली

### (ख) उख ुवाली विस्तार तथा प्रवर्द्धन आयोजना संचालन हुने जिल्लाहरु

१) सुनसरी
२ ) सर्लाही
३) नवलपरासी
४) कञ्चनपुर
५) बाँके
६) कैलाली

# अनुसूची -२

## (दफा ५ को उपदफा (५) संग सम्बन्धित)

## संझौता पत्र

यो संझौता पत्र नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग अन्तर्गतको राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम, हरिहरभवनको आ.व ०७१/७२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको तेलहन तथा उखु बालीमा फ्रन्टलाइन प्रदर्शन कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा जिल्ला कृषि विकास कार्यालय....................(यसपछि प्रथमपक्ष भनिने) र ...................... (ठेगाना) का श्री ........................................................ कृषक/कृषक समूह/सहकारीका (यसपछि दोश्रो पक्ष भनिने) बीच " तेलहन तथा उखुबालीमा फ्रन्टलाइन प्रदर्शन" कार्यक्रम तपशिलमा उल्लेख भए अनुसार संचालन गर्ने गराउने सहमति सहित यो संझौता पत्रमा हस्ताक्षर गरी दुवै पक्ष बीच लियौ/दियौं । इति सम्वत्............ साल ............महिना .........गते रोज ......... शुभम् ।

**तपशिल**

(१) कार्यक्रम संचालन गर्न दोश्रो पक्षले प्राविधिक रुपले उपयुक्त कम्तीमा ............ रोपनी क्षेत्रफलको प्लट प्रर्दशनको लागि उपलव्ध गराउने छ ।

(२) दोश्रो पक्षले उपलव्ध गराएको प्रदर्शन प्लटको लागि तेलहन तथा उखु वालीमा फ्रन्टलाईन प्रदर्शन कार्यक्रम संचालन कार्यविधीको दफा ५ को उपदफा (६) मा उल्लेख भएबमोजिमको सामग्री तथा सेवा टेवा प्रथम पक्षले उपलव्ध गराउने छ ।

(३) कार्यक्रम संचालनको लागि पूर्व तयारी भेला एंव कार्यक्रम संचालन पश्चात बढीमा तीन पटकको अवलोकन भेला आयोजना गर्न दुवै पक्ष सहमत छौ ।

(४) बाली कटानी र प्रशोधन पछि बीउलाई सुरक्षित किसिमले भण्डारण गर्ने जिम्मेवारी दोश्रो पक्षले लिनेछ र त्यसको लागि आवश्यक सामाग्री र प्राविधिक सल्लाह प्रथम पक्षले दोश्रो पक्षलाई उपलव्ध गराउनेछ ।

(५) बीउ बाली निरीक्षण गराउने, प्रयोगशालावाट वीउको परिक्षण गराई प्रमाणीकरण गराउने वा यथार्थ संकेत पत्र लगाउने काम प्रथम पक्षको प्राविधिक र भौतिक सहयोगमा दोश्रो पक्षले गराउने छ ।

(६) प्रमाणीकरण गरिएको वा यथार्थ संकेत पत्र लगाई भण्डारण गरिएको बीउ आगामी सिजनमा उत्पादन पश्चात प्रचलित खायनको मूल्यमा छिमेकी कृषक/समूह/सहकारीका सदस्यहरुलाई दोश्रो पक्षले उपलव्ध गराउने छ ।

(७) कुनै आकस्मीक प्राकृतिक प्रकोपको कारण वाली नष्ट भएमा वा औषत भन्दा उत्पादन कम भएमा त्यसको क्षतिपूर्तिको माग गर्न दोश्रो पक्षले पाउनै छैन ।

(८) यस संझौता पत्रमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नियम कानून अनुसार हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| कार्यालयको तर्फवाट | कृषक/कृषक समूह/सहकारी संस्थाको तर्फबाट |
| नाम ,थर :- | नाम,थर :- |
| पद :– | पद :- |
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाप :– | छाप :– |